# उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड
# Unnati Sahakarya Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था

प.सं.: ८४६/२०८१/०८२ मिति: २०८२/०३/३१

१. श्री नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार काठमाण्डौं ।

२. श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
पुतलीसडक, काठमाण्डौं ।

३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाण्डौं ।

४. श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

**विषय : विशेष साधारण सभाको सुचना एवं सो प्रयोजनार्थ शेयर दर्ता किताव बन्द हुने बारेको जानकारी सम्बन्धमा ।**

महोदय,
उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको संचालक समितिको मिति २०८२/०३/३१ गते दिउसो ३:३० बजे बसेको संचालक समितिको २३९[औं] बैंठकको निर्णयानुसार यस वित्तीय संस्थाको विशेष साधारण सभा तथा सो प्रयोजनका लागि शेयर दाखिला खारेज बन्द गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**विशेष साधारण सभा हुने मिति, समय र स्थान :**
मिति : २०८२ साल श्रावण १७ गते शनिबार, (तद्नुसार २ अगष्ट,२०२५)
समय : बिहानको १०.०० बजे,
स्थान : एशियन बुद्ध होटल, सि.न.पा.– ८, रुपन्देही (भैरहवा ) ।

क) विशेष प्रस्तावहरु :
(१) संस्थापक तर्फको शेयर स्वामित्व परिवर्तन गरी ६२.४१ प्रतिशत कायम गर्ने तथा सर्वसाधारण तर्फको शेयर स्वामित्व परिवर्तन गरी ३७.५९ प्रतिशत कायम गर्ने गरी वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

(२) वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा गरिएको संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै संशोधन, फेरवदल वा परिमार्जनका लागि निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(ख) विविध ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

केन्द्रीय कार्यालय: सिद्धार्थनगर नगरपालिका-१२, रुपन्देही, फोन न.०७१-५२११२८, ५२११२६ र फ्याक्स नं. ०७१-५२११२७
"उन्नति लघुवित्त वित्तीय संस्था लिमिटेडले सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेडलाई गाभेको"

# उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड
# Unnati Sahakarya Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था

## विशेष साधारण सभा सम्बन्धी थप जानकारी

१.विशेष साधारण सभा प्रयोजनार्थ मिति २०८२/०४/०७ गते १ दिनको लागि यस वित्तीय संस्थाको शेयर दाखिला खारेज दर्ता बन्द रहने छ । उक्त मिति भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा भएको कारोवारबाट कायम भएका शेयरधनीहरूले मात्र वित्तीय संस्थाको विशेष साधारण सभामा भाग लिन सक्नेछन ।

२. विशेष साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले शेयर प्रमाणपत्र/हितग्राहि खाता नं र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रूपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान ८ :०० बजे देखि खुल्ला रहनेछ ।

४. विशेष साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयर धनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी सभा सुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय, सिद्धार्थनगर नगरपालिका -१२, रुपन्देहीमा दर्ता गराई सक्नुपर्ने छ । वित्तीय संस्थाको शेयरधनी बाहेक अरूलाई प्रोक्सी दिन पाइने छैन ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा यस अघि निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ ।

६. एकै शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा जुन मुकरित प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो एक मात्र मान्य हुनेछ र सो बाहेकको प्रेक्सी मान्य हुने छैन ।

७. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्वन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपले वा समितीबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।

८. प्रतिनिधी मुकरर गर्दा आफ्नो सम्पुर्ण शेयरको प्रतिनिधि एकै ब्यक्तिलाई गनु पर्दछ ।

९. नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधी तोक्न सक्नु हुनेछ ।

१०.बुँदा ४, उल्लेखित दिन सार्वजनिक विदा परेमा समेत सो प्रयोजनको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय सिद्धार्थनगर नगरपालिका १२, रुपन्देहीमा कार्यालय समय सम्म खुल्ला रहने छ ।

११.विशेष साधारण सभा सम्बन्धी थप जानकारीका लागि कार्यालय समयभित्र वित्तीय संस्थाको केन्द्रीय कार्यालय, सिद्धार्थनगर-१२, रुपन्देहीमा सम्पर्क राख्नुहुन समेत अनुरोध गरिन्छ ।

भवदीय,

...................

(हरिहर गौतम)
कम्पनी सचिव

बोधार्थ:

१. श्री नेपाल राष्ट्र बैंक
लघुवित्त संस्था सुपरिवेक्षण विभाग, बालुवाटार काठमाण्डौं ।

२. श्री सि.डि.एस. एण्ड क्लियरिङ्ग लि.,
पुतलीसडक, काठमाण्डौं ।

३. श्री सिद्धार्थ क्यापिटल,
नक्शाल, काठमाण्डौं ।